# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मितिः २०७८।०२।१९

### प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ कास्की शाखाका सदस्य एवं ताण्डवन्यूज डटकमका सम्पादक अर्जुन गिरीलाई समाचारको विषयलाई लिएर अज्ञात व्यक्तिले फोनबाट धम्क्याएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ कास्की शाखाका अनुसार उक्त अनलाइनमा जेठ १६ गते प्रकाशित 'नुभिव हत्या प्रकरणको' समाचारलाई लिएर महासंघका पूर्वपदाधिकारीको नाम लिँदै समाचार हटाउन र नहटाए नराम्रो हुन्छ भन्दै सम्पादक गिरीलाई अज्ञात व्यक्तिले फोनबाट धम्क्याएका थिए ।

प्रकाशित समाचारप्रति चित्त नबुझे या गुनासो भए त्यसउपर कानुनी प्रक्रिया जान सकिने प्रावधान हुँदाहुँदै यस किसिमले धम्की दिनु प्रेस स्वतन्त्रताविरोधी काम हो । महासंघ पत्रकारलाई पेशाप्रति हतोत्साहित बनाउने यस किसिमका धम्कीको कडा शब्दमा भर्त्सना गर्दछ । र, घटनामा संलग्न व्यक्तिको तत्काल पहिचान गरी कानुनी दायरामा ल्याउन र पत्रकारलाई निर्वाध र सुरक्षित रुपमा काम गर्ने वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org